परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १५ ❑ अंक २ २०८३ श्रावण १० आइतवार Sunday, 26 JUL 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-




## मगही भाषा कला साहित्य र संस्कृति संरक्षणको लागि लेखिएको पुस्तक विमोचन



विराटनगर, श्रावण । महगी भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले तयार गरिएको मगही भाषा कला साहित्य र संस्कृति पुस्तकको विराटनगरमा एक समारोहबीच विमोचन गरिएको छ ।

भाषा संस्कृति प्रतिष्ठानद्वारा आयोजित पुस्तक विमोचन तथा सम्मान कार्यक्रम २०८३ मा भाषा संस्कृति उत्थानकर्ता तथा समाजसेवी जय प्रकाश महतो, श्याम सुन्दर सुतिहार, रजनीकान्त कामत लगायत दर्जनौ मगही अभियानकर्मीको साथ, सहयोग र अनुसन्धानद्वारा लिखित उक्त पुस्तकको कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेशका समाजिक विकास मन्त्री माननीय रामप्रसाद मेहता, कोशी प्रदेश सभा सदस्य माननीय जय प्रकाश चौधरी, गितारानी महतो लगायतले सामुहिक रूपमा पुस्तकको विमोचन गर्नुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि मन्त्री मेहताले मातृभाषा, कला र संस्कृतिको संरक्षण राष्ट्रको साझा दायित्व भएको उल्लेख गर्दै मगही कला, साहित्य र संस्कृति पुस्तकले महगी भाषी समुदायको इतिहास, परम्परा, कला, साहित्य, संस्कार र सांस्कृतिक पहिचानलाई दस्तावेजीकरण गरेको बताउनुभयो। उहाँले यस्ता कृतिले नयाँ पुस्तामा आफ्नो भाषा र संस्कृतिप्रति गर्वको भावना जगाउने विश्वास व्यक्त गर्नु भएको थियो ।

पुस्तकका लेखक तथा प्रतिष्ठानका अध्यक्ष जय प्रकाश महतोले भाषा हराउँदै जाँदा समुदायको मौलिक पहिचान पनि संकटमा पर्ने भएकाले त्यसको संरक्षणका लागि पुस्तक प्रकाशन गरिएको बताउनुभयो। उहाँले महगी भाषा बोल्ने समुदायको भाषा, कला, साहित्य र सांस्कृतिक सम्पदालाई एकै ठाउँमा समेट्ने प्रयास गरिएको जानकारी दिनुभयो ।

कार्यक्रममा कोशी प्रदेश सभा सदस्य माननीय जय प्रकाश चौधरी र गीतारानी महतो विशिष्ट अतिथिका रूपमा सहभागी हुनुहुन्थ्यो ।

त्यसैगरी प्रध्यापक एवम् समाजसेवी महेन्द्र नारायण यादव, शिक्षाविद् प्राडा बाबुराम तिम्सिना, प्रवन्धक सुर्यनाथ प्रसाद सिह, प्राडा तथा बरिस्ठ अधिवक्ता रामलाल सुतिहारलाई दोसल्ला र कदरपत्रसहित सम्मान गरिएको थियो। सम्मानपत्र प्रमुख अतिथि मन्त्री मेहता तथा विशिष्ट अतिथिहरूले संयुक्त रूपमा प्रदान गर्नुभएको थियो । सम्मानित व्यक्ति त्वहरूले नेपाली भाषा लगायत मातृभाषा र संस्कृतिको संरक्षणमा सबै पक्षको साझा प्रयास आवश्यक

बांकी अन्तिम पेजमा...

## १२ सय विद्यालयमा विशेष अभियान

विराटनगर । कोशी प्रदेशमा बालविवाह रोक्न कोशी प्रदेश सरकारले १ हजार २ सय विद्यालयमा विशेष अभियान संचानल गर्ने भएको छ ।

विद्यालय केन्द्रित अभियान सामाजिक विकास मन्त्रालयले कक्षा ८ देखि १२ सम्म अध्ययनरत विद्यार्थीलाई लक्षित गर्दै कार्यक्रम सञ्चालनको तयारी गरेको जनाएको छ ।

मन्त्रालयका सचिव उद्धव रिजालका अनुसार प्रदेशका १ हजार २ सय भन्दा बढी विद्यालयमा यो अभियान सञ्चालन गरिनेछ । कार्यक्रमको कार्यान्वयन तथा सहजीकरणका लागि प्रदेशका १३७ वटै स्थानीय तहका महिला तथा बालबालिका शाखा प्रमुखले अनुगमन गर्नेछन ।

विद्यालयस्तरमै बालविवाह विरुद्ध सचेतना अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ । सचिव रिजालका अनुसार प्रत्येक विद्यालयलाई कार्यक्रम सञ्चालनका लागि ४५ हजार रुपैयाँका दरले बजेट उपलब्ध गराइनेछ ।

विद्यालय लक्षित कार्यक्रम सञ्चालनका लागि संघीय सरकारले ६ करोड रुपैयाँ सशर्त विशेष अनुदान उपलब्ध गराएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले माग गरेअनुसार प्राप्त उक्त बजेटमार्फत अभियान सञ्चालन गरिनेछ । कोशी प्रदेशमा पहिलो पटक अभियान सञ्चालन हुन लागेको उहाँको भनाई छ ।

सचिव रिजालले विद्यालय केन्द्रित कार्यक्रमले बालविवाह नियन्त्रणमा उल्लेखनीय योगदान पुग्ने विश्वास व्यक्त गर्दै शिक्षा र सशक्तीकरणलाई अभियानको मुख्य आधार बनाइएको भएको वताउँदै, 'यस कार्यक्रमले विद्यार्थी मा चेतना बढाउनुका साथै उनीहरूलाई सशक्त बनाउनेछ ।'

हालसम्म कोशी प्रदेशका पाँच स्थानीय तहले मात्र बालमैत्री स्थानीय तह घोषणा गरेका छन झापाका कमल, भद्रपुर र कनकाई नगरपालिका, इलामको सूर्योदय नगरपालिका तथा सुनसरीको रामधुनी नगरपालिकाले बालमैत्री घोषणा गरेका हुन । प्रदेशका बाँकी १३२ स्थानीय तहले भने अझै बालमैत्री घोषणा गर्न सकेका छैनन ।

सामाजिक विकास मन्त्रालय की सहायक सचिव दुर्गा भण्डारी बरालका अनुसार नेपाललाई सन् २०३० सम्म बालविवाहमुक्त बनाउने राष्ट्रिय लक्ष्य अनुरूप यो

बांकी अन्तिम पेजमा...






मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## मगही...

रहेको धारणा राख्नुभयो ।

सोही अवसरमा हिन्दु स्वयंसेवक संघका प्रचारक मुकेश जी, सुडी समाज, बढई समाज लगायतका प्रतिनिधिले शुभकामना मन्तव्य राखेका थिए ।

पुस्तकमाथि प्रतिष्ठानका सचिव तथा पत्रकार श्याम सुन्दर सुतिहारले पुस्तकको परिचयात्मक टिप्पणी गर्दै यसमा महगी भाषा, साहित्य, कला, संस्कृति, सामाजिक जीवन, परम्परा र समुदायको ऐतिहासिक पक्षलाई समेटिएको बताउनुभयो। उहाँले पुस्तक अनुसन्धानकर्ता, विद्यार्थी तथा भाषा-संस्कृतिमा रुचि राख्ने पाठकका लागि महत्त्वपूर्ण सन्दर्भ सामग्री बन्ने विश्वास व्यक्त गर्नु भएको थियो ।

कार्यक्रमको सञ्चालन प्रधानाध्यापक रजनीकान्त ले गर्नुभएको थियो। समारोहमा विभिन्न क्षेत्रका साहित्यकार, शिक्षाविद्, समाजसेवी, बुद्धिजीवी, सञ्चारकर्मी तथा भाषा-संस्कृतिप्रेमीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

भाषा संस्कृति प्रतिष्ठानले विगत नौ वर्षदेखि महगी भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण, अनुसन्धान, प्रकाशन तथा प्रवर्द्धनका क्षेत्रमा निरन्तर काम गर्दै आएको जनाएको छ। प्रतिष्ठानका अनुसार पछिल्लो पुस्तक प्रकाशनले महगी भाषाको मौलिक पहिचान जोगाउन र भावी पुस्तासम्म यसको ज्ञान हस्तान्तरण गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## १२ सय...

अभियान सञ्चालन गर्न लागिएको हो । उहाँले विद्यालय लक्षित कार्यक्रम बालविवाह नियन्त्रणका लागि प्रभावकारी हुने अपेक्षा गरेकी छिन ।

बरालका अनुसार कार्यक्रम सञ्चालनका लागि आवश्यक मार्गदर्शन तयार गर्ने काम अन्तिम चरणमा पुगेको छ । नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्य तथा 'बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति' अनुरूप सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने लक्ष्य निर्धारण गरेको छ ।

यसअघि कोशी प्रदेश सरकारले सन् २०२५ भित्र प्रदेशलाई बालविवाहमुक्त घोषणा गर्ने लक्ष्य राखे पनि उक्त अभियान अपेक्षाअनुसार सफल हुन सकेको थिएन ।

## गर्मीबाट...

जान नदिनुहोस्। हलुका, पातलो र शितल सुतीको कपडा लगाइदिनुहोस् । सुत्ने ठाउँ चिसो र सफा बनाउनुहोस् ।

अन्त्यमा, गर्मी मौसम आफैं खराब होइन, यसबाट कसरी जोगिएर बाँच्ने भनेर बुझ्न आवश्यक छ । आयुर्वेदले प्रकृतिसँग मिलेर बाँच्न सिकाउँछ। गर्मी पनि सहज छ, यदि आयुर्वेदलाई बुझ्ने हो भने ! गर्मीले हामीलाई ताताउन सक्छ, तर आयुर्वेदको ज्ञान र नेपाली घरायसी उपायहरू प्रयोग गरेर हामी यसलाई हराउन सक्छौं ! यस लेखमा दिइएका खानेकुरा, जीवनशैली र जडिबुटीको संयोजनले तपाईं हामीलाई गर्मीमा पनि शितल, तरोताजा र स्वस्थ राख्नेछ। प्रकृति नै सबैभन्दा ठूलो चिकित्सक हो, हामीले केवल उसको बोली बुझ्नुपर्छ । आयुर्वेदलाई आत्मसात गरौं, शीतल र स्वस्थ जीवन बिताऔं । स्वास्थय खबरबाट

# कोलकाता-विराटनगर बल्ककार्गो रेल सेवा पूर्ण संचालनमा




विराटनगर । भारतको कोलकाता बन्दरगाहबाट नेपालको विराटनगर स्थित एकीकृत जाँच चौकी (आईसीपी) सम्मको प्रत्यक्ष बल्क तथा कन्टेनर कार्गो रेल सेवा अब औपचारिक रुपमा सफलता पूर्वक संचालनमा आएको छ ।

श्रावण ५ गते आईसीपी, विराटनगरको परिसरमा आयोजित 'कोलकाता (भारत)-विराटनगर (नेपाल) प्रत्यक्ष कन्टेनर रेल सेवा'को ऐतिहासिक समुद्घाटन समारोहमा मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठी, निवर्तमान अध्यक्ष नवीन रिजाल, वरिष्ठ उपाध्यक्ष अनिलकुमार साह र महासचिव संजय कुमार श्रेष्ठ लगायतको गरिमामय उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्ने क्रममा संघका अध्यक्ष अनुपम राठीले मोरङ-सुनसरी औद्योगिक करिडोरका उद्योगी-व्यवसायी हरुले वर्षौंदेखि देख्दै आएको सपना र संघको झण्डै एक दशक देखिको लामो प्रयास आज पूर्ण रुपमा सफल भएकोमा संघ र समस्त उद्योगी-व्यवसायीवर्ग हर्षित भएको जानकारी गराउनु भएको थियो ।

सो बल्क रेल कार्गो सेवा संचालनका लागि संघले चरणवद्ध रुपमा निरन्तर पहल र पैरवी गर्दै आएको जानकारी गराउँदै अध्यक्ष राठीले पहिलो चरणमा संघले करिब एक दशक अघिदेखि नै भारतका बन्दरगाहबाट सोझै विराटनगर आईसीपी यार्डसम्म रेलमार्ग जोड्न पूर्वाधार निर्माणका लागि माग थालेको जानकारी गराउनु भएको थियो । उहाँले नेपाल सरकार र भारत सरकारका सम्बन्धित निकायहरु समक्ष संघको सो माग बमोजिम पूर्वाधार निर्माणको कार्य ३ वर्षअघि निर्माण सम्पन्न भई परीक्षण समेत गरिएकोमा त्यस बखत नेपाल-भारत व्यापार तथा ट्रान्जिट सन्धिमा रहेका नीतिगत व्यवधानका कारण सो सेवाले निरन्तरता नपाएको अवगत गराउनु भएको थियो ।

साविकको सन्धिमा चार वटा वस्तुहरु (कोइला, क्लिंकर, मल र नुन) मात्र बल्क रेल मार्फत विराटनगर ल्याउन पाउने सीमितता रहेकोमा संघले दोश्रो चरणमा नेपाल-भारत व्यापार सन्धि संशोधनको माग थालेको जानकारी अध्यक्ष राठीले गराउनु भएको थियो । पूर्वाधार तयार भएता पनि सबै प्रकारका सामान ल्याउन नपाइने भएपछि संघले पुन: दोश्रो चरणको पैरवी तीव्र रुपमा सुरु गरी नेपाल सरकार र भारत सरकार दुवै समक्ष सचिव स्तरीय एवं कुटनैतिक बैठकहरुबाट व्यापार सन्धिकाती बाधक बुँदाहरु तत्कालै हटाउन तथा सबै प्रकारका औद्योगिक कच्चा पदार्थहरु विराटनगर यार्डसम्मै बल्क एवं कन्टेनर कार्गो मार्फत ल्याउन पाउने व्यवस्था मिलाउन माग राख्दै आएको थियो । तत्पश्चात् दुवै देशका सरकारले संघको मागलाई गम्भीरता पूर्वक लिई नीतिगत र कानुनी जटिलताहरु फुकाइ दिएपछि हाल कोलकाता-विराटनगर सिधा कार्गो रेल सेवा औपचारिक रुपमा संचालनमा आएको छ ।

कार्यक्रममा बोल्दै अध्यक्ष राठीले सो सेवाको संचालनबाट मोरङ-सुनसरी औद्योगिक करिडोर समग्र नेपालकै उद्योग, व्यवसाय र अर्थतन्त्रलाई पुग्ने प्रत्यक्ष लाभहरु बारे संक्षिप्तमा प्रकाश पार्नु भएको थियो । सो क्रममा उहाँले सडक मार्गको तुलनामा रेलमार्फत कच्चापदार्थ तथा वस्तुहरु ल्याउँदा ढुवानी खर्चमा ३५ देखि ४० प्रतिशतसम्म बचत भई लागत खर्च उल्लेखनीय रुपमा घट्ने, सडक मार्गको ५ देखि ७ दिनको ढुवानी समय अब रेल मार्फत २४ देखि ७२ घण्टामै सम्पन्न भई समयको ठूलो बचत हुने, सबै कन्टेनरहरुमा जडित विद्युतीय कार्गो ट्र्याकिङ सिस्टम (ईसीटीएस)का कारण सामान सुरक्षित रहने, बाटोमा हुने चोरी वा क्षतिको जोखिम अन्त्य हुने, सामान तथा रेलको निगरानी मोबाइलबाटै गर्न सकिने, बन्दरगाहमा लाग्ने विलम्बशुल्क (डेमुरेज), डिटेन्सन शुल्क घट्ने लगायतका बहुआयामिक लाभहरु नेपाली उद्योगी-व्यवसायीलाई प्राप्त हुने बताउनु भएको थियो ।

साथै, आगामी दिनमा यस भेगका उत्पादनहरु तेश्रो मुलुक र भारततर्फ निर्यात गर्न समेत सस्तो र छिटो हुने तथा सिपिङ लाइनहरुले विराटनगरमै कार्यालय खोली कन्टेनर उपलब्ध गराउन थालेपछि नेपाली उद्योगहरुको अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता समेत सुदृढ हुने धारणा उहाँले राख्नु भएको थियो ।

सोहीक्रममा उहाँले संघको दशकलामो मागलाई गम्भीरता पूर्वक ग्रहण गरी कानूनी तथा नीतिगत संशोधन मार्फत सो ऐतिहासिक सेवा सुचारु गराई दिएकोमा नेपाल सरकार र भारत सरकार दुवैप्रति संघको तर्फबाट आभार व्यक्त गर्नु भएको थियो । साथै, उहाँले मोरङ-सुनसरी औद्योगिक करिडोरका सम्पूर्ण उद्योगी-व्यवसायी, आयातकर्ता, निर्यातकर्ता तथा समग्र नेपाली नागरिक हरुलाई उक्त ऐतिहासिक उपलब्धीका लागि बधाई तथा शुभकामना व्यक्त गरी आगामी दिनमा पनि सो सेवाको निरन्तरता, थप सहजीकरण र व्यापार प्रवर्द्धनका लागि सरोकार वाला निकायहरुसँग संघले निरन्तर समन्वय गरि रहने प्रतिबद्धता जाहेर गर्नु भएको थियो ।


## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, विउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप तालिम र सूहलियतपूर्ण ऋण उपलब्भ गराऔं,
- जमिनको संरक्षण गरौं,खेती योग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पाद बढाऔं र कृषि बजारमा आत्म निर्भर बनौं,
- नविन प्रविधी र अवसर उपलब्भ गराई यूवालाई कृषिमा आकर्षित गरौ ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## विराटनगर महानगरपालिकाको सूचना

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- सडक तथा पेटीकीनयारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- बालश्रम शोषण समाजिक अपराध हो ।
- विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# सत्ता फेरबदलको कसरत

कोशी प्रदेश लगायत अन्य प्रदेशमा पनि सत्ता समिकरणको खेल सुरू भएको छ । प्रदेशमा नेपाली काँग्रेस र नेकपा एमाले बीच रहेको समिकरणलाई भत्काउदै नकपा एमाले र नेकपा बीच नयाँ समिकरणको चलखेल सुरू भएको छ । सरकार गठन, समर्थन फिर्ता, नयाँ गठबन्धन र मुख्यमन्त्री परिवर्तनका घटनाले प्रदेशको राजनीति अस्थिर बन्दै गएको देखिन्छ। दलहरू जनताका आवश्यकता र विकासका मुद्दाभन्दा पनि सत्ता समीकरण मिलाउन व्यस्त देखिएका छन् ।

लोकतान्त्रिक व्यवस्थामा सरकार परिवर्तन अस्वाभाविक होइन । संसदीय प्रणालीमा बहुमत गुमेपछि नयाँ सरकार गठन हुनु संवैधानिक प्रक्रिया हो । तर बारम्बार हुने सत्ता परिवर्तनले प्रशासनिक निरन्तरता भंग गर्छ, विकासका योजना अलपत्र पर्छन् र जनतामा राजनीतिक नेतृत्वप्रति निराशा बढ्छ। प्रदेश सरकारहरूले आफ्नो कार्यकालमा स्थिर रूपमा काम गर्न नपाउँदै सत्ता परिवर्तनको खेल सुरु हुँदा विकासले अपेक्षित गति लिन सकेको छैन । राजनीतिक दलहरूले गठबन्धन बनाउने र तोड्ने निर्णय गर्दा जनमतको सम्मान भन्दा सत्ता प्राप्तिलाई प्राथमिकता दिएको आरोप लाग्ने गरेको छ ।

प्रदेश सरकारप्रति जनविश्वास बढाउन स्थिरता आवश्यक छ । सरकार परिवर्तन केवल पद र शक्तिको बाँडफाँटका लागि नभई नीतिगत सुधार, सुशासन र प्रभावकारी सेवा प्रवाहका लागि हुनुपर्छ । अन्यथा प्रदेश सरकारहरू राजनीतिक प्रयोगशालामै सीमित हुनेछन् र यसको मूल्य अन्ततः जनताले नै चुकाइरहनुपर्नेछ । लोकतन्त्रको सार सत्ता प्राप्तिमा होइन, जनताको जीवनस्तर उकास्ने जिम्मेवार शासनमा निहित छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान सम्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

# एआई : आणबिक बमभन्दा खतरनाक 'हतियार'

- डारिओ अमोडिले खोलेको एन्थ्रोपिक नामक कम्पनीले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को क्षेत्रमा काम गर्दछ, जसको प्लेटफर्म क्लाउड हो ।
- एआईले चिकित्सा, कानुन, इन्जिनियरिङ, शिक्षा जस्ता विभिन्न क्षेत्रका कामहरू गर्न सक्ने क्षमता राख्दछ र यसले आईटी क्षेत्रमा ठूलो रोजगारी कटौतीको सम्भावना छ ।
- क्वान्टम कम्प्युटिङ र एआईको संयोजनले भविष्यमा विश्वको स्वरूप परिवर्तन गर्नेछ र यस युगमा गोप्यता र निजताको अवधारणा समाप्त हुनेछ ।

**ज्ञानमित्र**

उनको नाम हो- डारिओ अमोडे । अमेरिकाका टप ब्रेन। टेक वर्ल्डका दिग्गज। तमाम इन्फ्लुएन्सर उनलाई वर्तमान युगको जे रोबर्ट ओपेनहाइमर भन्छन् । ओपेनहाइमर २०औं शताब्दीका त्यस्ता महान् एवं खतरनाक वैज्ञानिक हुन्, जसले मानवतालाई सबैभन्दा घातक उपहार दिए-आणविक बम ।

दुनियाँलाई थाहा छ, म्यान ह्याटन प्रोजेक्टअन्तर्गत जुन आणविक बम अस्तित्वमा आयो त्यसका प्रमुख ओपेनहाइमर थिए । प्रायः उनलाई आणविक बमको जनक भनिन्छ । तर विज्ञानको दुनियाँ सामाजिक, राजनीतिक अथवा धार्मिक क्षेत्रको मूल्य, मान्यता र परम्परा जस्तो एकाङ्गी हुँदैन । विज्ञानमा कुनै पनि आविष्कारका पछाडि एक व्यक्तिको मात्र योगदान नरहेर अनेकौं व्यक्तिको सामूहिक प्रयास रहेको हुन्छ ।

उदाहरणका लागि डारिओले आफूलाई प्रदान गरेको उपमामा आफूलाई ओपेनहाइमरको सट्टा लिओ जिलार्डका नजिक पाउँछन्। जिलार्ड ती व्यक्ति हुन्, जसले सबैभन्दा पहिला एटमिक चेन रियाक्सन सम्भव हुने कुरा प्रमाणित गरेर देखाए । जुन पछि गएर आणविक बम बनाउने दिशामा महत्त्वपूर्ण पानीढलो साबित भयो ।

सायद त्यसैले होला डारिओ आफूलाई ओपेनहाइमरभन्दा जिलार्डको समकक्ष उभ्याउन चाहन्छन् । सबैभन्दा खतरनाक हतियार आणविक बमको निर्माणमा जिलार्डको पनि उत्तिकै योगदान छ भन्ने धेरै मानिसलाई थाहा छैन ।

त्यसो त यहाँ छुटाउनै नमिल्ने कुरा के छ भने आणविक बम आइन्स्टाइनको योगदानबिना पनि बन्ने थिएन। विज्ञान जगत्को सबैभन्दा महत्त्वपूर्ण फर्मुला अब बुझ्न केही अप्ठेरो पर्दैन । सजिलै अनुमान लगाउन सकिन्छ, डारिओ मानवतालाई आणविक बम जस्तै कुनै खतरनाक निष्पत्ति दिन गइरहेका छन् । ढिलोचाँडो (३-१० वर्षभित्र) विश्वले आणविक बमभन्दा खतरनाक 'हतियार' पाउँदैछ ।

डारिओले सन् २०२१ मा एउटा कम्पनी खोले- एन्थ्रोपिक। ६५ अर्ब डलरबाट सुरु भएको यो कम्पनीले ५ वर्षमै आफूलाई ट्रिलियन डलर कम्पनीमा दर्ज गरायो। यो मुकाम हासिल गर्न एप्पललाई ४२ वर्ष, गुगललाई २१ वर्ष र मेटालाई १७ वर्ष लागेको थियो ।

एन्थ्रोपिक आर्टिफिसियल इन्टेलिजेन्स अर्थात् कृत्रिम बौद्धिकताको क्षेत्रमा काम गर्ने कम्पनी हो। च्याट जीपीटी जस्तै यसको पनि आफ्नो प्लेटफर्म छ, जसलाई क्लाउड ( ऋबिगमभ) भनिन्छ। हुन त च्याट जीपीटीको विकासमा डारिओको पनि नाम आउँछ ।

विश्वले एटम बमभन्दा पनि खतरनाक 'हतियार'पाउन गइरहेको छ । त्यो अरू केही नभएर आर्टिफिसियल इन्टेलिजेन्स (एआई) नै हो ।

आफ्नो कम्पनी खोल्नुअघि उनले सन् २०१६ देखि २०२० सम्म ओपन एआई कम्पनीका लागि च्याट जीपीटी बनाउन योगदान गरेका थिए । एआई आधारित लार्ज ल्याङ्ग्वेज मोडलको च्याट जीपीटी च्याटबोट नोभेम्बर २०२२ मा लन्च भएको थियो । त्यसको चार महिनापछि एन्थ्रोपिक कम्पनीको क्लाउड मोडल लन्च भयो ।

एन्थ्रोपिक कम्पनीले अप्रिल २०२४ मा क्लाउडमा नयाँ प्रोग्राम अपडेट गर्‍यो । माइथोस प्रिभ्यु र फेबेल प्रोग्रामले संसारभरि तहल्का मच्चायो। अन्ततः अमेरिकी सरकारले माइथोस र फेबेललाई अमेरिकाभन्दा बाहिर बेच्न प्रतिबन्ध लगायो । भेनेजुएला र इरानसँगको युद्धमा अमेरिकी सेनाले माइथोस र फेबेलको सहयोगले आशातीत सफलता प्राप्त गरेको थियो । कुनै एआईमाथि प्रतिबन्ध लागेको यो पहिलो घटना हो ।

माथि उल्लेख गरिसकिएको छ, विश्वले एटम बमभन्दा पनि खतरनाक हतियार पाउन गइरहेको छ। त्यो अरू केही नभएर आर्टिफिसियल इन्टेलिजेन्स (एआई) नै हो। वास्तवमा यसको श्रेय गणितज्ञ एलन ट्युरिङलाई जान्छ। द्वितीय विश्वयुद्धमा जर्मन सेनाको कोड ब्रेक गर्ने काममा लागेका एलनले सन् १९५० तिर मेसिनमा बुद्धि आए कस्तो हुन्छ भन्ने कल्पना गरेका थिए ।

पछि सन् १९५६ मा अमेरिकाको डार्टमाउथ कलेजमा भएको यससम्बन्धी सेमिनारमा आर्टिफिसियल इन्टेलिजेन्स भन्ने शब्दको उत्पत्ति भयो ।

अहिले एआई आफ्नो प्रारम्भिक चरणमै छ। आम मानिसले विभिन्न च्याटबोट प्रयोग गरेर आफ्नो क्षमताभन्दा कैयौं गुणा बढी कार्य गर्न सक्छन् । अहिले उपलब्ध एआईको प्रयोगले नै मानिसको बुद्धिमत्ता पराजित हुने चरणमा पुगिसक्यो । मानिसलाई घण्टौं लाग्ने कार्य एआईले मिनेटमै सम्पन्न गरिदिन्छ ।

अहिले एआई आफैं सिक्ने चरणमा छ । यसै चरणमा आईटी सेक्टरमा भुइँचालो गइसक्यो। विभिन्न आईटी कम्पनीका हजारौं कामदार बेरोजगार भइसकेका छन्। वर्षौं लगाएर पढेका आईटी इन्जिनियरहरूले गर्ने कोडिङ, प्रोग्रामिङ, डेटा एनालाइसिस एआईले सजिलै गरिदिएको छ ।

आउने तीन वर्षभित्र अर्थात् २०२९ सम्म आईटी सेक्टरका झन्डै ५० लाख इन्जिनियरहरू कम्पनीबाट बिदा हुन सक्छन् भन्ने अनुमान गरिएको छ । सायद एआईको सबैभन्दा ठूलो र पहिलो मार नै आईटी सेक्टरमा पर्छ होला। त्यसो त इन्टरटेन्मेन्ट इन्डस्ट्री पनि यसको सिकार बन्न थालिसकेको छ ।

एआईबाट बनाइएका १० अर्बभन्दा बढी अनुहार (एआई सिर्जित अनुहारहरू) नेटमा उपलब्ध छन्। अब एड्भरटाइजिङ कम्पनीहरूले आफ्नो उत्पादनको विज्ञापनका लागि कुनै वास्तविक मोडललाई प्रयोग गरिराख्नुपर्दैन। त्यसको विकल्पमा उनीहरूले एआई मोडलहरूलाई प्रयोग गर्न सक्छन् ।

तपाईं एआईका माध्यमले अमिताभ बच्चन, नरगिस र अन्य मनोवाञ्छित कलाकारसँग आफूलाई राखेर फिल्म बनाउन सक्नुहुन्छ ।

डाक्टर, वकिल, इन्जिनियर, न्यायाधीश, शिक्षक, प्रोफेसर, म्यानेजर, अकाउन्टेन्ट, वित्तीय सल्लाहकार, मार्केटिङ म्यानेजर, पत्रकार, लेखक, सङ्गीतकार, फेसन डिजाइनर आदि सेक्टरको काम एआईले जिम्मा लिन सक्छ ।

तपाईं पीएचडी गर्दै हुनुहुन्छ,

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# मगहीलोक संस्कार

**श्याम सुन्दर सुतिहार**

**२) मुण्डन संस्कार**

जन्म संस्कार पछि मुण्डन गरिन्छ। मुण्डनको तिथि, मिति, समय शुभ सायत हेरेर तोक्ने चलन छ। घरको सबै सदस्यहरुले यस शुभ दिनको प्रतिक्षामा हुन्छ। घरको हजुरआमाबुवा, आमाबुवा लगायत सबै सदस्यहरु एवं नातेदारहरुको भावना, प्रेम, अभिलासा, ले सजिएको भरिएको लोक साहित्यको गीतमा मुण्डन गराउने पंडित, कपाल काटने हजाम, माटोको बर्तन बनाउने कुम्हार र काठको काम गर्ने बढईको प्रेम सहितको दक्षिणा उपहारसँग जोडिएको हुन्छ। पंडित, कुम्हार, हजाम, बढई को माग इच्छालाई गीत मार्फत दर्शाएको हुन्छ। मुण्डन संस्कारको विशेष महत्व रहेको छ। यस शुभ अवसरमा मांगलिक लोक गीत गाउने प्रचलन रहेको छ। यस संस्कारमा नाई (हजाम), बढई, कुम्हार र ब्राहमणले दान लिने गर्छ। सो कार्यमा भोजभतेर पनि क्षमता अनुसार गर्ने चलन रहेकोछ। बच्चा जन्मेपछि सर्बप्रथम छोराको कपाल काट्ने संस्कारलाई मुण्डन संस्कार भनिन्छ। यो संस्कार शुभ शायत हेरेर छोरालाई मुण्डन गरिन्छ। तर कतिपय ठाँउमा छोरीको पनि विधिविधान अनुसार मुण्डन गर्ने गर्दछ। विशेष परिस्थीत बाहेक बच्चाको उमेर १ वा ३ वा ५ वर्षमा मुण्डन गर्ने चलन रहेको छ। कसै कसैले भाकल (कौवला) को आधारमा मुण्डन गर्दछ। कसै कसैले घरको कल देवता गोसाईको पूजा पाठ गरेर मुण्डन गर्ने गर्दछ। उक्त दिन बच्चालाई पहेलो पिला रंगको बस्त्र लगाइन्छ। हसों उल्लासको साथ आफनो क्षमताको आधारमा भोजभतेर गरेर खुवाइन्छ। कसै कसैले सत्यनारायण भगवानको पूजा गरेर मण्डन गर्ने चलन रहेको छ भने कसै कसैले छठियार कै दिन पनि मुण्डन गर्ने गर्छ।

**३) व्रतबन्ध वा उपनयन संस्कार**

व्रतबन्ध उपनयन : जन्म प्रकति हो। समाज परिवर्तनशिल हुन्छ। जन्मजात सर्व शद हुन्छ। जन्मजात शरीरमा प्राकृत भावलाई हटाएर त्यसको स्थानमा राम्रो गुणको प्रवेश गराउन गरिने विधि प्रक्रिया हो व्रतवन्ध वा उपनयन। ब्रतवन्ध वा उपनयनले तन मन दवैलाई ताजा, नयाँ नवितमर आधनिकतामा सजाउन मदत गर्दछ। व्रतवन्ध संस्कार गरेपछि एउटा बालक शिक्षा आर्जन गर्ने शिष्यको रुपमा योग्य र तयार हनछ। व्रतबन्ध संस्कार नभएको बच्चाले कुनै यज्ञकर्म, पितृकर्म र देवकर्म गर्ने अधिकार पाइदैन्। तसर्थ, यो संस्कार अनिवार्य रुपमा गर्ने संस्कार हो। मगही संस्कृतिमा पर्ने केही जातिहरुले मात्र व्रतबन्ध संस्कार गरिरहेको छ। यो संस्कार ५ वर्ष देखी १६ वर्ष सम्मको बच्चाले गर्नु पर्छ। पुरोहितलाई बोलाएर यो संस्कार शुभ शायतमा गर्ने चलन छ। व्रतबन्ध गर्ने बच्चालाई यसै बेलामा छुरा लगाएर केश काट्ने गरिन्छ। मण्डप मरवा) बनाई विधि पुर्वक यो संस्कार गरिन्छ। ज्ञान विज्ञानको अध्ययन गर्ने प्रथम कदम हो व्रतवन्ध उपनयन।

बाल्मीकि तथा तुलसीकृत रामायणमा उल्लेख भए अनुसार दशरथ पुत्रहरु राम, लक्ष्मण, भरत र शत्रुधनको उपनयन संस्कार महर्षि वशिष्ठले बसन्त पञ्चमीको शुभदिनमा शास्त्रीय विधिपुर्वक सम्पन्न गराउनु भएको थियो। उक्त दिन दशरथको चारै पुत्रहरुको कपाल काटेर पिला हल्दी रंगको भिक्षुको नयाँ बस्त्रमा उपनयन गरिएको उल्लेख छ। सो उपनयन संस्कारमा ब्रह्ममचर्यको बारेमा शिक्षा दिईन्छ। शिक्षा आर्जन गर्ने अवधि भर गुरुकुलको सिद्धान्तलाई अपनाउने शिष्य विद्यार्थी नै असल गुरुको लागि गुरुदक्षिणा हुने गर्दछ बताईन्छ। उपनयन पश्चात दशरथको चारै पुत्रहरुले ८शास्त्र र शस्त्रको सीप र शिक्षा प्राप्त गरेका उल्लेख छ।

गुरुकुलमा अध्ययन गरिरहेको बेला आफनो घरबाट भिक्षा माग्नु हुदैन्। सबै गुरुकुल मा अध्ययन गरिरहेको विद्यार्थीहरु समान बरावर हुने भएकोले सोको लागि कार्यबाट समानताको परिचय दिनको लागि आफन्तसँग भिक्षा माग्न निषेध गरिएको उल्लेख पाईन्छ। कुरुकुलमा सबै शिष्य/विद्यार्थीहरुको एउटै रंग र प्रकारको पहिरण रहेको थियो बताईन्छ। (स्रोत : रामानन्द सागरले निर्माण तथा निर्देशन गरेको रामायण टेलिसिरियल)।

त्यस्तै, कुश लवको उपनयन संस्कार शुक्लपक्ष प्रतिपदाको शुभ दिनमा उपनयन संस्कार बाल्मीकिले गर्न भएको थियो। तत्पश्चात महर्षि बाल्मीकिले अङ्गों सहित वेद र रहस्य सहित धनर्वेदको अध्ययन गराउन भएको क्रा लव-कश-चरित्रको पेज नं.२४४ मा सम्पादक जयदयाल गोयन्दकाले उल्लेख गरेका छन्। छ। कसै कसैले भाकल (कौवला) को आधारमा मुण्डन गर्दछ। कसै कसैले घरको कल देवता गोसाईको पूजा पाठ गरेर मुण्डन गर्ने गर्दछ। उक्त दिन बच्चालाई पहेलो पिला रंगको बस्त्र लगाइन्छ। हसों उल्लासको साथ आफनो क्षमताको आधारमा भोजभतेर गरेर खुवाइन्छ। कसै कसैले सत्यनारायण भगवानको पूजा गरेर मण्डन गर्ने चलन रहेको छ भने कसै कसैले छठियार कै दिन पनि मुण्डन गर्ने गर्छ।

**३) व्रतबन्ध वा उपनयन संस्कार**

व्रतबन्ध उपनयन : जन्म प्रकति हो। समाज परिवर्तनशिल हुन्छ। जन्मजात सर्व शद हुन्छ। जन्मजात शरीरमा प्राकृत भावलाई हटाएर त्यसको स्थानमा राम्रो गुणको प्रवेश गराउन गरिने विधि प्रक्रिया हो व्रतवन्ध वा उपनयन। ब्रतवन्ध वा उपनयनले तन मन दवैलाई ताजा, नयाँ नवितमर आधनिकतामा सजाउन मदत गर्दछ। व्रतवन्ध संस्कार गरेपछि एउटा बालक शिक्षा आर्जन गर्ने शिष्यको रुपमा योग्य र तयार हनछ। व्रतबन्ध संस्कार नभएको बच्चाले कुनै यज्ञकर्म, पितृकर्म र देवकर्म गर्ने अधिकार पाइदैन्। तसर्थ, यो संस्कार अनिवार्य रुपमा गर्ने संस्कार हो। मगही संस्कृतिमा पर्ने केही जातिहरुले मात्र व्रतबन्ध संस्कार गरिरहेको छ। यो संस्कार ५ वर्ष देखी १६ वर्ष सम्मको बच्चाले गर्नु पर्छ। पुरोहितलाई बोलाएर यो संस्कार शुभ शायतमा गर्ने चलन छ। व्रतबन्ध गर्ने बच्चालाई यसै बेलामा छुरा लगाएर केश काट्ने गरिन्छ। मण्डप मरवा) बनाई विधि पुर्वक यो संस्कार गरिन्छ। ज्ञान विज्ञानको अध्ययन गर्ने प्रथम कदम हो व्रतवन्ध उपनयन।

बाल्मीकि तथा तुलसीकृत रामायणमा उल्लेख भए अनुसार दशरथ पुत्रहरु राम, लक्ष्मण, भरत र शत्रुधनको उपनयन संस्कार महर्षि वशिष्ठले बसन्त पञ्चमीको शुभदिनमा शास्त्रीय विधिपुर्वक सम्पन्न गराउनु भएको थियो। उक्त दिन दशरथको चारै पुत्रहरुको कपाल काटेर पिला हल्दी रंगको भिक्षुको नयाँ बस्त्रमा उपनयन गरिएको उल्लेख छ। सो उपनयन संस्कारमा ब्रह्ममचर्यको बारेमा शिक्षा दिईन्छ। शिक्षा आर्जन गर्ने अवधि भर गुरुकुलको सिद्धान्तलाई अपनाउने शिष्य विद्यार्थी नै असल गुरुको लागि गुरुदक्षिणा हुने गर्दछ बताईन्छ। उपनयन पश्चात दशरथको चारै पुत्रहरुले ८शास्त्र र शस्त्रको सीप र शिक्षा प्राप्त गरेका उल्लेख छ।

गुरुकुलमा अध्ययन गरिरहेको बेला आफनो घरबाट भिक्षा माग्नु हुदैन्। सबै गुरुकुलमा अध्ययन गरिरहेको विद्यार्थीहरु समान बरावर हुने भएकोले सोको लागि कार्यबाट समानताको परिचय दिनको लागि आफन्तसँग भिक्षा माग्न निषेध गरिएको उल्लेख पाईन्छ। कुरुकुलमा सबै शिष्य/विद्यार्थीहरुको एउटै रंग र प्रकारको पहिरण रहेको थियो बताईन्छ। (स्रोत : रामानन्द सागरले निर्माण तथा निर्देशन गरेको रामायण टेलिसिरियल)।

त्यस्तै, कुश लवको उपनयन संस्कार शुक्लपक्ष प्रतिपदाको शुभ दिनमा उपनयन संस्कार बाल्मीकिले गर्न भएको थियो। तत्पश्चात महर्षि बाल्मीकिले अङ्गों सहित वेद र रहस्य सहित धनर्वेदको अध्ययन गराउन भएको क्रा लव-कश-चरित्रको पेज नं.२४४ मा सम्पादक जयदयाल गोयन्दकाले उल्लेख गरेका छन्।

४) विवाह संस्कार

आ आफनो धार्मिक, सांस्कृत्तिक, जातिय, सामाजिक परिवेश अनुसार एक महिला र एक पुरुषलाई मिलान गरी गराई परिवार निर्माण गर्ने प्रक्ति सृजना गर्ने उदेश्यले सामाजिकीकरणमा प्रवेश गर्ने विश्वसनीय खुट्किला लाई विवाह संस्कार भनिन्छ। केटा र केटी दुवै पक्षले सामाजिक परम्परा अनुसार प्रस्ताव स्वीकृत गरि सकेपछि जुन कार्य हुन्छ त्यसैलाई विवाह भनिन्छ। विवाहलाई करारको रुपमा लिइन्छ।

यस समुदायमा विवाह बहुत धुमधामले गरिन्छ। विवाहलाई बडो महत्वको साथ गर्ने गरिन्छ। दुवै पक्षले विवाहलाई ज्यादै शुभ कार्य मानिन्छ। विवाहको समयमा धेरै प्रकारको विधिहरु सम्पन्न गर्नु पर्छ। यस समुदायमा विवाहलाई पर्व वा शुभअवसरको रुपमा लिइन्छ। यस कार्यमा तन, मन, धन र श्रमलाई उच्चमुल्यांक गर्दै सु सम्पन्न गरिन्छ। यहाँ पहिलाको विवाह विधिलाई उल्लेख गर्न खोजिएको हो। छोरीलाई विहेको समयमा सम्मानको लागि दिने समानहरु र रकमले दहेजको रुपमा परिणत भएकोले यसलाई न्युनिकरण गर्नु पर्ने देखिन्छ। यस समुदायमा नारीलाई सम्मानको दृष्टिले देखिन्छ।

**विवाह पुर्व (पहिला) को बिधि**

१) घटकैती/अगुवा/घर देखीया : विवाहको कुरा मिलान गर्ने व्यक्तिलाई घटकैती भनिन्छ। अभिभावकहरुको भनाई अनुसार योग्य केटा केटीहरुलाई हेर्ने र प्रथम कुरा चलाउने व्यक्तिलाई घटकैती/घटक/अगुवा पनि भनिन्छ। मगही संस्कृतिमा मागी विवाहको प्रचलन छ। मागी विवाहमा केटी पक्षले पहिला कुरा चलाउनु पर्छ बताइन्छ। साथीभाई, छरछिमेकी, नातागोता, आदी को माध्यमबाट कुराको शुरुवात हुन्छ जसलाई लमी भनिन्छ। यस संस्कृतिमा लमीले कुनै शुल्क लिईदैन्। विवाह गराउन सहयोग गरे आफुलाई धर्म भएको मानिन्छ। केटा केटी हेर्न आउनेलाई घर देखिया भनिन्छ।


कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानुनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हच्वामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

अन्तरिक राजश्व कार्यालय विराटनगर


# असार महिनाको सर्वोत्कृट प्रहरी घोषित





विराटनगर। कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले प्रहरी सहायक निरीक्षक गणेश थापा र प्रहरी हवल्दार रेवती प्रसाद ढकाललाई असार "महिनाको सर्वोत्कृष्ट प्रहरी" घोषित गरेको छ।

विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी उच्च मनोबल र साहसका साथ आफ्नो पदीय कर्तव्य निर्वाह गर्ने क्रममा अस्थायी प्रहरी चौकी चाँदबेला, सुनसरीमा कार्यरत प्रहरी सहायक निरीक्षक गणेश थापाले गस्तीको क्रममा राउण्ड ३ गोली लोड भएको १ थान चाइनिज पेस्तोल सहित दुई जना व्यक्तिलाई नियन्त्रणमा लिन सफल भएको थियो।

जिल्ला प्रहरी कार्यालय सुनसरीमा कार्यरत प्रहरी हवल्दार रेवती प्रसाद ढकालले जिल्लाको विभिन्न स्थानबाट लागूऔषध ब्राउन सुगर ४७.२९ ग्राम, प्रतिबन्धित औषधी १८२१० ट्याबलेट सहित ओसारपसारमा संलग्न व्यक्ति तथा सवारी साधनहरु, कोशी गाउँपालिका-७ स्थित सप्तकोशी नदी किनारमा वेवारिसे अवस्था रहेको ३०८ किलोग्राम गाँजा र धरानका विभिन्न स्थानबाट ४०४ किलोग्राम गाँजा समेत नियन्त्रणमा लिनुका साथै अपराध रोकथाम, अनुसन्धान गर्ने कार्य र फैसला कार्यान्वयन अन्तर्गत उल्लेख्य सङ्ख्यामा फरार प्रतिवादीहरु पक्राउ गरी आम नागरिकहरुमा शान्ति सुरक्षाको अनुभुति हुने किसिमले आफ्नो पदीय दायित्व तथा जिम्मेवारी उत्कृष्ट तवरबाट बहन गरेको थियो।

उनीहरुको सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै २०८३ साल असार महिनाको "सर्वोत्कृष्ट प्रहरी"घोषणा गरिएको छ।

# लागुऔषध सहित १ पक्राउ

विराटनगर। कोशी प्रदेश प्रहरीको लागू औषधविरुद्धको महाअभियान अन्तर्गत लागू औषधमुक्त समाज निर्माण गर्ने उद्देश्यका साथ लागू औषध कारोबारमा संलग्न व्यक्तिहरूलाई पक्राउ गरी कानूनी दायरामा ल्याउने तथा मनोपरामर्श एवं जनचेतना प्रदान गर्ने अभियानअन्तर्गत कोशी प्रदेश प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयहरूबाट परिचालित प्रहरी टोलीले लागू औषध कारोबारमा संलग्न १ जनालाई पक्राउ गरेको छ। पक्राउ परेका व्यक्तिको साथबाट प्रतिबन्धित औषधि ६० क्याप्सुल बरामद भएको छ।

साउन ४ गते दिउसो धनकुटाको प्रहरी चौकी त्रिबेणीबाट खटिएको प्रहरी टोलीले शहिदभूमि गाउँपालिका-१ स्थितबाट भोजपुरको हतुवागढी गाउँपालिका-९ निवासी २३ वर्षीय हिलसन राईलाई प्रतिबन्धित औषधि ६० क्याप्सुलसहित पक्राउ गरेको हो। घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको छ।



खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी

अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। सधैं हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

# महिला सीप विकास र स्वरोजगार धनपालथान गापाको प्रयास र सम्भावना

**बिशाल कुमार मण्डल**

धनपालथान (मोरङ)। मोरङ जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित धनपालथान गाउँपालिका कृषि, व्यापार, सामाजिक तथा सांस्कृतिक विविधताले परिचित स्थानीय तह हो। करिब ४८.९४ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस गाउँपालिकामा विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिका समुदायहरू मिलेर बसोबास गर्छन्। कृषि यहाँको मुख्य पेशा भए पनि पछिल्ला वर्षहरूमा शिक्षा, स्वास्थ्य, महिला सशक्तीकरण, कृषि आधुनिकीकरण, पूर्वाधार विकास तथा स्वरोजगार प्रवर्द्धनका क्षेत्रमा गाउँपालिकाले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। विशेषगरी महिला तथा बालबालिका लक्षित सीपमूलक तालिम, उद्यमशीलता विकास र आयआर्जनका कार्यक्रममार्फत महिलालाई आर्थिक रूपमा आत्मनिर्भर बनाउने प्रयासलाई गाउँपालिकाले प्राथमिकतामा राखेको छ।

महिलाको आर्थिक सशक्तीकरणलाई आज विकासको प्रमुख आधारका रूपमा हेरिन्छ। महिलाले शिक्षा, सीप, रोजगारी र उद्यमशीलतामा पहुँच पाए मात्र परिवार, समाज र स्थानीय अर्थतन्त्र बलियो बन्न सक्छ। नेपालको संविधानले पनि महिलालाई समान अवसर, समान अधिकार र आर्थिक आत्मनिर्भरताको सुनिश्चितता गर्ने लक्ष्य लिएको छ। यही संवैधानिक व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्न स्थानीय तहहरूले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छन्। मोरङको धनपालथान गाउँपालिका पनि महिला सीप विकास, स्वरोजगार, उद्यमशीलता प्रवर्द्धन तथा सामाजिक सशक्तीकरणलाई प्राथमिकतामा राख्दै विभिन्न योजना कार्यान्वयन गरिरहेको छ।

केही वर्षअघिसम्म अधिकांश महिला घरायसी कामकाजमै सीमित थिए। परिवारको आम्दानीमा प्रत्यक्ष योगदान दिने अवसर कम थियो। तर अहिले अवस्था क्रमशः परिवर्तन हुँदै गएको छ। गाउँपालिकाले सञ्चालन गरेका सीपमूलक तालिम र महिला लक्षित कार्यक्रमका कारण धेरै महिलाले आफ्नै व्यवसाय सुरु गरेका छन्। केही महिलाले सहकारीमार्फत सामूहिक उद्यम सञ्चालन गरिरहेका छन् भने केहीले आफ्नै पसल, ब्यूटी पार्लर तथा घरेलु उद्योग स्थापना गरेका छन्।

धनपालथान गाउँपालिकाको महिला तथा बालबालिका शाखाले महिलालाई आत्मनिर्भर बनाउने उद्देश्यले हरेक वर्ष विभिन्न सीपमूलक तालिम सञ्चालन गर्दै आएको छ। सिलाइ-कटाइ, ब्यूटी पार्लर, अगरबत्ती तथा मैनबत्ती निर्माण, खाद्य प्रशोधन, अचार उत्पादन, हस्तकला, ढाका सामग्री निर्माण, वित्तीय साक्षरता, नेतृत्व विकास तथा उद्यम व्यवस्थापन सम्बन्धी तालिमले महिलालाई व्यवहारिक ज्ञान प्रदान गरेको छ।

यी तालिमको उद्देश्य केवल सीप सिकाउनु मात्र नभई महिलालाई आफ्नै खुट्टामा उभिन सक्षम बनाउनु पनि हो। तालिमपछि व्यवसाय सञ्चालन गर्न चाहने महिलालाई समूह गठन, सहकारीमा आबद्धता, बचत गर्ने बानी तथा उद्यम सञ्चालन सम्बन्धी आधारभूत जानकारी समेत उपलब्ध गराइँदै आएको गाउँपालिकाको भनाइ छ।

महिला तथा बालबालिका शाखा प्रमुख सन्जु मेहताका अनुसार गाउँपालिकाले महिलाको आर्थिक सशक्तीकरणलाई दीर्घकालीन विकासको आधार मानेर योजना बनाउँदै आएको छ।

सन्जु मेहता, महिला विकास शाखा प्रमुख "महिलालाई सीप सिकाएर मात्र पुग्दैन, त्यो सीपलाई आयआर्जनसँग जोड्नु पनि उत्तिकै आवश्यक हुन्छ। त्यसैले गाउँपालिकाले तालिमसँगै महिला समूह गठन, सहकारीसँग समन्वय, वित्तीय साक्षरता र आवश्यक परामर्श प्रदान गर्दै आएको छ। आगामी दिनमा अझ धेरै महिलालाई स्वरोजगारसँग जोड्ने लक्ष्य राखेका छौं।"

गाउँपालिकाले सञ्चालन गरेका तालिममध्ये ब्यूटी पार्लर तालिम विशेष प्रभावकारी देखिएको छ। तालिमपछि धेरै महिलाले गाउँ तथा बजार क्षेत्रमा आफ्नै पार्लर सञ्चालन गरेका छन्। उनीहरूले आफ्नै आम्दानीबाट परिवारको खर्च धान्न, छोराछोरीको शिक्षा तथा दैनिक जीवनयापनमा सहयोग पुऱ्याइरहेका छन्।

धनपालथान-कुर्सिया बजारकी मिराज मण्डल पनि यस्तै सफल उदाहरणमध्ये एक हुन्। गाउँपालिकाबाट ब्यूटी पार्लर तालिम लिएपछि उनले आफ्नै पार्लर सञ्चालन गरिरहेकी छन्। पहिले पूर्ण रूपमा परिवारमा निर्भर रहेकी मिराज अहिले आफ्नै व्यवसायबाट नियमित आम्दानी गरिरहेकी छन्।

मिराज मण्डल, पार्लर व्यवसायी "पहिले कुनै आम्दानी थिएन। गाउँपालिकाले दिएको तालिमपछि आफ्नै पार्लर खोल्न सफल भएँ। अहिले आफ्नै कमाइले परिवार चलाउन सहयोग पुगेको छ। अझ उपकरण र सहुलियत ऋणको व्यवस्था भए व्यवसाय विस्तार गर्न सकिन्छ।"

यस्ता उदाहरणले तालिम व्यवहारमा कति उपयोगी हुन सक्छ भन्ने देखाएको छ। गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमले महिलाको आत्मविश्वास बढाउनुका साथै समाजमा उनीहरूको भूमिकालाई पनि मजबुत बनाएको छ।

सीप विकाससँगै गाउँपालिकाले महिला अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रमलाई पनि निरन्तरता दिएको छ। घरेलु हिंसा, बालविवाह, दाइजो प्रथा, लैङ्गिक हिंसा, मानव बेचबिखन, महिला अधिकार तथा कानुनी संरक्षणका विषयमा नियमित अभिमुखीकरण कार्यक्रम सञ्चालन भइरहेका छन्। यसबाट महिलामा आफ्नो अधिकारबारे चेतना बढेको स्थानीय अगुवाहरू बताउँछन्।

त्यसैगरी सुरक्षित मातृत्व, पोषण, किशोरी स्वास्थ्य, प्रजनन स्वास्थ्य तथा सरसफाइसम्बन्धी कार्यक्रम पनि सञ्चालन भइरहेका छन्। स्वास्थ्य सचेतनाले महिलाको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन सहयोग पुगेको स्वास्थ्यकर्मीहरूको भनाइ छ।

महिला समूह तथा सहकारी मार्फत बचत तथा ऋण परिचालन कार्यक्रमले पनि महिलालाई आर्थिक गतिविधिमा सक्रिय बनाएको छ। साना-साना बचतबाट महिलाले व्यवसाय विस्तार गर्ने, कृषि उत्पादन बढाउने तथा घरेलु उद्योग सञ्चालन गर्ने अवसर पाएका छन्। वित्तीय साक्षरताले बैंकिङ प्रणाली, ऋण व्यवस्थापन तथा लगानीसम्बन्धी ज्ञान समेत बढाएको छ।

धनपालथान गाउँपालिकाका अध्यक्ष जिवच्छ प्रसाद गच्छेदारका अनुसार महिला सशक्तीकरणबिना समग्र विकास सम्भव छैन। त्यसैले गाउँपालिकाले बजेट तथा कार्यक्रम निर्माण गर्दा महिलालाई प्राथमिकतामा राख्दै आएको छ।

धनपालथान गाउँपालिकाको अध्यक्ष जिवच्छ प्रसाद गच्छेदार "महिला आर्थिक रूपमा सक्षम भए परिवार र समाज दुवै बलियो हुन्छ। त्यसैले गाउँपालिकाले सीप विकास, स्वरोजगार, महिला उद्यमशीलता र नेतृत्व विकासलाई प्राथमिकता दिएको छ। आगामी दिनमा बजार व्यवस्थापन, सहुलियत ऋण र आधुनिक उपकरण उपलब्ध गराउने विषयमा पनि पहल गर्नेछौं।"

गाउँपालिका उपाध्यक्ष नसिमा बानोले पनि महिला विकासका कार्यक्रमलाई अझ प्रभावकारी बनाउन सबै पक्षबीच सहकार्य आवश्यक रहेको बताउँछिन्।

धनपालथान गाउँपालिकाका उपाध्यक्ष नसिमा बानो भन्छिन "महिलालाई तालिम दिएर मात्रै पुग्दैन, उनीहरूले उत्पादन गरेका वस्तुको बजार सुनिश्चित गर्नुपर्छ। सहकारी, बैंक, निजी क्षेत्र र स्थानीय सरकारबीच समन्वय गरेर महिलाको उद्यमलाई दिगो बनाउन आवश्यक छ। महिलाको नेतृत्व विकासमा पनि गाउँपालिका प्रतिबद्ध छ।"

यद्यपि महिला उद्यमशीलताको यात्रामा चुनौतीहरू पनि उत्तिकै छन्। धेरै महिलाले तालिम त लिएका छन्, तर व्यवसाय सुरु गर्न आवश्यक पूँजी जुटाउन सकेका छैनन्। कतिपयसँग आधुनिक उपकरण को अभाव छ भने उत्पादन भएका सामग्रीको बजार व्यवस्थापन, प्याकेजिङ, ब्रान्डिङ तथा बिक्री वितरणमा कठिनाइ देखिन्छ।

पारिवारिक जिम्मेवारी, सन्तानको हेरचाह तथा सामाजिक सोचका कारण पनि केही महिलाले व्यवसायलाई निरन्तरता दिन समस्या भोगिरहेका छन्। ग्रामीण क्षेत्रमा अझै पनि महिलाको श्रमलाई पर्याप्त मूल्याङ्कन नगर्ने प्रवृत्ति देखिन्छ। यसले उनीहरूको उद्यमशीलतालाई प्रभाव पार्ने गरेको सरोकारवालाहरूको भनाइ छ।

विशेषज्ञहरूका अनुसार तालिमसँगै सहुलियत ऋण, बीमा, बजार पहुँच, डिजिटल मार्केटिङ, व्यवसाय परामर्श तथा नियमित अनुगमनको व्यवस्था गर्न सके महिला उद्यमशीलता अझ प्रभावकारी बन्न सक्छ। स्थानीय उत्पादनलाई ब्रान्डिङ गरेर प्रदेश तथा राष्ट्रिय बजारसँग जोड्न सके महिलाको आम्दानी उल्लेख्य रूपमा बढ्न सक्छ।

सूचना प्रविधिको बढ्दो प्रयोगसँगै महिलालाई डिजिटल सीपमा पनि जोड्नुपर्ने आवश्यकता देखिएको छ। सामाजिक सञ्जालमार्फत उत्पादनको प्रचारप्रसार, अनलाइन बिक्री तथा डिजिटल भुक्तानी प्रणाली प्रयोग गर्न सके ग्रामीण महिला उद्यमीले पनि ठूलो बजार प्राप्त गर्न सक्छन्।

धनपालथान गाउँपालिकाले आगामी वर्षहरूमा कृषि उद्यम, खाद्य प्रशोधन, घरेलु उद्योग, डिजिटल उद्यमशीलता तथा महिला नेतृत्व विकासलाई प्राथमिकता दिने योजना बनाएको जनाएको छ। यसले महिलालाई रोजगारी खोज्ने होइन, रोजगारी सिर्जना गर्ने दिशामा अघि बढाउने अपेक्षा गरिएको छ।

महिला सशक्तीकरण सामाजिक न्यायको विषय मात्र होइन, आर्थिक समृद्धिको आधार पनि हो। जब महिलाले सीप, रोजगारी र उद्यमको अवसर पाउँछन्, त्यसको प्रत्यक्ष प्रभाव परिवारको आय, बालबालिकाको शिक्षा, स्वास्थ्य तथा समग्र समुदायको विकासमा देखिन्छ। त्यसैले महिला विकासका कार्यक्रमलाई अझ परिणाममुखी, दिगो र प्रभावकारी बनाउन स्थानीय सरकार, समुदाय, सहकारी, बैंक तथा निजी क्षेत्रबीच बलियो सहकार्य आवश्यक छ।

धनपालथान गाउँपालिकाले सुरु गरेका महिला सीप विकास तथा स्वरोजगारका प्रयासले सकारात्मक परिणाम दिन थालेका छन्। अब यी कार्यक्रमलाई अझ व्यापक, आधुनिक र बजारमुखी बनाउन सके यहाँका महिलाले आत्मनिर्भर जीवन निर्माण गर्नुका साथै गाउँपालिकाको आर्थिक विकासमा अझ ठूलो योगदान पुऱ्याउने निश्चित छ।

ट्राफिक नियमको पालना गरौं।
सडक सुशासन कायम गरौं॥

# लागुऔषध ब्राउन सुगर सहित १४ पक्राउ

विराटनगर। कोशी प्रदेश प्रहरीको लागू औषधविरुद्धको महाअभियान अन्तर्गत लागू औषध सहित २५ जनालाई प्रहरीले पक्राउ गरको छ ।

औषधमुक्त समाज निर्माण गर्ने उद्देश्यका साथ लागू औषध कारोबारमा संलग्न व्यक्तिहरूलाई पक्राउ गरी कानूनी दायरामा ल्याउने तथा मनोपरामर्श एवं जनचेतना प्रदान गर्ने अभियान अन्तर्गत कोशी प्रदेश प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयहरूबाट परिचालित प्रहरी टोलीले लागू औषध कारोबारमा संलग्न उनीहरुलाई पक्राउ गरेको हो।

१४ जनालाई पक्राउ गरेको छ। पक्राउ परेका उनीहरूको साथबाट ब्राउन सुगर ११२ ग्राम ५३६ मिलिग्राम, गाँजा ७१ किलो ३५ ग्राम, प्रतिबन्धित औषधी ३६३ क्याप्सुल, बस १ थान आटो १ थान र २ थान मोटरसाईकल बरामद भएको छ।

पक्राउ पर्नेमा असार ०८ गते मोरङको कानेपोखरी गाउँपालिका- ५ बाट प्रहरी चौकी रमाईलोले १ ग्राम ३७० मिलिग्राम ब्राउन सुगर सोहि स्थानका अमित धिमाल र पर्वत राईलाई पक्राउ गरेको थियो।

प्रहरी चौकी सिक्टी र बरडंगाको प्रहरी टोलीले सुनवर्षी गाउँपालिका- ८ बाट बीआर ३८प३१७९ नम्बरको मोटर साईकल चालक भारत बिहारका भक्ति पासवानलाई ८२० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो।

त्यस्तै विराटनगर-४ स्थितबाट ऋच्छ भट्टाचोक मोरङ र लागू औषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरी टोलीले दुहबी नगरपालिका-१२ का २१ बर्षीय धन कुमार यादवलाई १०४ ग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

सुनसरीको ईनरुवा नगरपालिका-४ बाट उर्लाबारी-४ का बुद्दिमान साह र एलिश राईलाई जिल्ला प्रहरी कार्यालय सुनसरी र अस्थायी प्रहरी पोष्ट बसचोक ईनरुवाले ४ ग्राम ३६ मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

उदयपुरको त्रियुगा नगरपालिका-३ बाट प्र १-०५-००१ ख ००७० नम्बरको बस चालक त्रियुगा नगरपालिका- ७ का पर्शुराम मगर र सह-चालक उदयपुरगढी गाउँपालिका- ७ का जिवन कुमार कामीलाई अस्थायी प्रहरी पोष्ट बसपार्कले करिव ४७० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको छ। त्यसैगरी धनकुटाको धनकुटा नगरपालिका- १ बाट प्रहरी चौकी हिलेले पाखिबास नगरपालिका-९ का रियल मगर र पाख्रिबस नगरपालिका-४ का कुशल राईलाई प्रतिबन्धित औषधी ट्रामोल र स्पास्पेन ३६३ क्याप्सुल सहित नियन्त्रणमा लिएको थियो।

सागुँरीगढी गाउँपालिका-२ बाट इलाका प्रहरी कार्यालय भेडेटारले सागुँरीगढी गाउँपालिका -२ का शिखर लिम्बुलाई को.२ ह १२५ नम्बरको अटोमा बोरा भित्र लुकाईछिपाई राखेको ७१ किलो ३५ ग्राम गाँजा सहित बेचबिखानमा संलग्न सागुँरीगढी गाउँपालिका-३ का मदन याखा समेतलाई प्र. १-०४-००१ प ४७९१ नम्बरको मोटरसाईकल सहित पक्राउ गरेको थियो। झापाको बिर्तामोड नगरपालिका-२ बाट इलाका प्रहरी कार्यालय अनारमनीले बिर्तामोड- २ का प्रवेश सहनी र किरण शर्मालाई २ ग्राम ८४० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

पक्राउ परेका उनीहरूको साथबाट जम्मा ब्राउन सुगर ११२ ग्राम ५३६ मिलिग्राम, गाँजा ७१ किलो ३५ ग्राम, प्रतिबन्धित औषधी ३६३ क्याप्सुल, बस १ थान आटो १ थान र २ थान मोटरसाईकल बरामद भएको थियो।

NO SMOKING

सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश

## एआई...

तपाईंका लागि यो कार्य एआईले नै सम्पादित गरिदिन्छ। अहिले रोबोटिक सर्जरी प्रारम्भिक चरणमा छ तर निकट भविष्यमै रोबोटिक सर्जनले डाक्टरलाई विस्थापित बनाइदिन सक्छ। सूचना तथा सञ्चार जगत्‌मा सन् १९९० को दशकपछि जुन तीव्रतम विकास भयो त्यो अब एआईले मेडिकल क्षेत्रमा गर्न गइरहेछ।

आगामी तीन वर्षभित्रै एआई अहिलेको चरण पार गरेर एजीआई अर्थात् आर्टिफिसियल जनरल इन्टेलिजेन्समा प्रवेश गर्छ। त्यसबेला अहिलेका च्याटबोटको स्थानमा एआई एजेन्ट्स आइसक्नेछन्। एआई एजेन्ट्सले तपाईंले गर्ने सारा कार्य सम्पादन गरिदिन्छन्। र, आउने दशकभित्र एजीआई विकसित भएर एएसआई अर्थात् आर्टिफिसियल सुपर इन्टेलिजेन्स बन्न पुग्छ।

त्यस्तो अनुमानित बिन्दुमा एएसआईको आइक्यु लेभल १६०० हुने अनुमान गरिएको छ। त्यस स्तरमा पुग्दा मानिसले तथ्याङ्क सङ्कलन गरेर गर्ने जुनसुकै काम मानिसको हातबाट खोसिन सक्छ। एआईले ती सबै काम मानिसले भन्दा हजारौं गुणा तीव्र गतिमा दक्षता र कुशलतापूर्वक गर्न सक्छ।

डाक्टर, वकिल, इन्जिनियर, न्यायाधीश, शिक्षक, प्रोफेसर, म्यानेजर, अकाउन्टेन्ट, वित्तीय सल्लाहकार, मार्केटिङ म्यानेजर, पत्रकार, लेखक, सङ्गीतकार, फेसन डिजाइनर आदि सेक्टरको काम एआईले जिम्मा लिन सक्छ।

**एआई के हो त ?**

एआईका परिकल्पनाकार एलन ट्युरिङले मेसिनमा इनपुट गरिएको बुद्धि मानिसले झैं प्रयोग गरेर त्यसले काम गर्न सकोस् भन्ने सोचेका थिए।

मानिससँग बुद्धि हुन्छ, के सबै मानिससँग समान रूपको बुद्धि हुन्छ ? सबैको बुद्धिको स्तर एउटै हुन्छ ? प्रश्न बचकाना भए पनि झर्को नमान्नुस्। बुद्धिको स्रोत के हो ? जतिसुकै बुद्धिमान् भए पनि के आइन्स्टाइनलाई नेपाली बोल्न आउँथ्यो ? के लियो टल्स्टोयलाई हिन्दू धर्मग्रन्थ आदिको मूल तत्त्व थाहा थियो ?

तपाईं सहजै भन्न सक्नुहुन्छ उनको मस्तिष्कमा नेपाली भाषा अथवा धर्मग्रन्थको डेटा थिएन। उनीहरूसँग जुन-जुन कुराको ज्ञान अर्थात् डेटा थियो ती कुरामा उनीहरू बुद्धिमान् थिए। बुद्धिको सिधै सम्बन्ध मस्तिष्कमा सङ्ग्रहित डेटासँग हुन्छ।

मस्तिष्कमा सङ्ग्रहित रहेको डेटा एनालाइसिस गरी परिणाममा पुग्नु नै बुद्धि हो। अर्थात् आजको भाषामा भन्ने हो भने इन्टेलिजेन्ट हुनु हो। कुनै मस्तिष्कमा स्टोरेज क्षमता जतिसुकै भए पनि कुनै एक विषयसँग सम्बन्धित डेटा छैन भने त्यस विषयका बारे मस्तिष्क पूर्णतया अनभिज्ञ हुन्छ अर्थात् इन्टेलिजेन्स भनेको उपलब्ध डेटाको विश्लेषण गरेर कुनै ज्ञात-अज्ञात परिणाममा पुग्ने टुल हो, यान्त्रिकी हो।

विज्ञान भन्छ- ७० हजार वर्षपहिले संसारभर रहेका अनेक मानिस वा समुदायसँग मस्तिष्कमा स्टोरेज क्षमता थिएन। कुनै घटना अथवा अज्ञात दुर्घटनाले तत्कालीन मानिस वा समुदायमध्ये होमो सेपियन्ससँग मस्तिष्कमा यो स्टोरेज क्षमता विकसित हुँदै गयो।

यसभन्दा पहिले तमाम मानिस समुदाय प्राणी जगत्‌का अन्य सदस्यझैं इन्स्टिंक्ट व्यवहार गर्थे। मस्तिष्कमा स्टोरेज क्षमता आएपछि होमो सेपियन्स प्राणीले आफूसँग घटेका घटना स्मृतिमा राख्न थाले। बिस्तारै भाषाको विकास भयो। उसले आफ्नो भाव, समवेदना, विचार, दृष्टिकोण व्यक्त गर्ने कलामा निपुणता हासिल गर्दै गयो।

आज पृथ्वीमा होमो सेपियन्सबाहेक मानिसको अर्को कुनै प्रजाति बाँकी छैन। यो पढ्दै गर्दा तपाईंको मस्तिष्कमा कुनै शङ्काले आकार लिएको छ भने त्यो निराधार होइन।

अब एकपटक मनन गरी हेर्नुस् त भाषा भनेको के हो ? तपाईंले भाषालाई 'ब्रह्म' भन्नुस् वा 'सरस्वती' त्यससँग मलाई कुनै आपत्ति छैन। के अक्षर, शब्द, वाक्य, निर्दिष्ट चिह्न, अङ्क आदि सबै मूल रूपमा डेटा नै होइनन् र ? के श्रुति-स्मृति परम्पराबाट अघि बढेर पुस्तक लेखनसम्म आइपुगेको त्यस युगको प्रविधिको निष्पादित पुस्तक आफैँमा एआईकै स्वरूप होइन र ?

त्यसैले मलाई के लाग्छ भने किताब अथवा पुस्तक नै पहिलो एआई टुल हो। हो, यो एक्टिभ हुँदैन त्यसैले यसलाई प्यासिभ एआई मान्न सकिन्छ।

यो स्वीकार गर्दा मानवीय बुद्धि स्वयंमै आर्टिफिसियल इन्टेलिजेन्स होइन र ? ७०-७५ हजार वर्षपहिले त्यस समयमा रहेका विभिन्न मानिस प्रजातिमध्ये एउटा होमो सेपियन्सको मस्तिष्कमा विकसित भएको स्टोरेज क्षमता र त्यसको प्रतिफलले विकसित भएको भाषा र भाषाको प्रयोगले असामान्य रूपमा वृद्धि भएको बुद्धि अर्थात् इन्टेलिजेन्सले नै अन्य सबै मानिस प्रजाति नेस्तनाबुत भएका होइनन् र ?

आज पृथ्वीमा होमो सेपियन्सबाहेक मानिसको अर्को कुनै प्रजाति बाँकी छैन। यो पढ्दै गर्दा तपाईंको मस्तिष्कमा कुनै शङ्काले आकार लिएको छ भने त्यो निराधार होइन। यसको बलियो सम्भावना छ, विश्वभरका दिग्गजहरू एआईप्रति त्यसै त्रसित भएका होइनन्।

एआईले मानिसका लागि स्वर्गको कल्पना साकार गर्न सक्छ। भन्न खोजेको के भने एआईले त्यस्तो त्याकत पनि राख्छ। तर प्रत्येक कुराका दुइटा पाटा हुन्छन्, एउटा पाटो जति स्वच्छ र शुभ्र हुन्छ अर्को त्यत्तिकै श्याम र अँध्यारो हुन्छ, डरलाग्दो हुन्छ।

तपाईं अहिलेकै उपलब्ध कम्प्युटिङ क्षमता र एआईको तालमेलले त्रसित हुनुहुन्छ भने क्वान्टम कम्प्युटिङ र एआईको घालमेलले गर्ने महाअवतारी स्वरूपको कल्पना पनि नगर्नुस्। अहिलेदेखि नै सबै कुरा छाडेर प्रभुको शरणमा जानुस्।

जसरी २०औं शताब्दीमा आएर न्युटनीय फिजिक्स अर्थात् क्लासिकल फिजिक्सभन्दा पहिले क्वान्टम फिजिक्सको क्षेत्रमा पस्यो र विज्ञानले पदार्थ हेर्न छाड्यो अथवा पदार्थलाई शङ्कराचार्यले झैं माया भन्न थालियो। मायाको अर्थ मिथ्या होइन, मायाको अर्थ बदलिंदो अस्तित्व हो। सुपर पोजिसन हो। वेभ पार्टिकल हो। दृष्टिअनुसारको सृष्टि हो। अब्जर्भर इफेक्ट हो।

अहिले नै चीनले ४०० क्युबिटको क्वान्टम कम्प्युटिङ हासिल गरिसकेको छ। विभिन्न अमेरिकी कम्पनीहरूले पनि क्वान्टम कम्प्युटिङको क्षेत्रमा तीव्र विकास गर्नका लागि अर्बौं डलर खर्च गरिरहेका छन्। जुन दिन हजार क्युबिटको क्वान्टम कम्प्युटिङसँग हाम्रो समाज ठोक्किनेछ, त्यस दिन विश्वको स्वरूप आजजस्तो रहनेछैन। त्यो पूर्णतया बदलिने निश्चित छ।

दस वर्षभित्रै चीनले १००० क्युबिटको क्वान्टम कम्प्युटिङ हासिल गर्छ। क्वान्टम कम्प्युटिङको साथ पाएर एआई पनि क्लासिकल एआईबाट क्वान्टम एआईमा रूपान्तरित हुने निश्चित छ।

समग्रतामा सुपर इन्टेलिजेन्सले गर्ने कामलाई चार भागमा विभाजन गरेर बुझ्न सकिन्छ -

१. तपाईंलाई डेटा थाहा छ। डेटाबाट आफूलाई चाहिने निष्कर्ष वा परिणाम पनि थाहा छ। तपाईं एआईलाई सोध्नुहुन्छ। उसले द्रुत गतिमा सटीकताका साथ तपाईंलाई परिणाम उपलब्ध गराउँछ। डेटा नोन, परिणाम नोन अर्थात् नोन-नोन भेरिएबल।

२. डेटा उपलब्ध छैन तर आफूलाई चाहिने परिणामबारे तपाईं पक्का हुनुहुन्छ। डेटा अननोन, परिणाम नोन अर्थात् अननोन-नोन भेरिएबल।

३. तपाईंसँग डेटा छ तर त्यसले ल्याउने परिणाम थाहा छैन। डेटा नोन, परिणाम अननोन अर्थात् नोन-अननोन भेरिएबल।

४. न तपाईंसँग डेटा छ, न परिणामबारे थाहा छ अर्थात् अननोन=अननोन भेरिएबल।

प्रकृतिले मानिसलाई सीमित क्षमताका साथ बनाएको हो। मानिससँग भएका सबै इन्द्रिय र कर्मेन्द्रियहरूको क्षमता सीमित छ। विगतका अनेकौं मेसिनले मानिसको त्यो क्षमता बढाएको हो। ट्र्याक्टरदेखि रकेटसम्म हेर्नुस्, चस्मादेखि माइक्रोस्कोप हुँदै टेलिस्कोपसम्म हेर्नुस्।

माइक्रोस्कोप नभएको भए हामीलाई मानव कोशिका, ब्याक्टेरिया र भाइरसका बारेमा कसरी थाहा हुन्थ्यो ? हब्बल टेलिस्कोप बन्नुभन्दा पहिला मिल्कीवे ग्यालेक्सीबाहेक अन्य केही कुरा थाहा थिएन। हब्बलले ब्रह्माण्डमा २ ट्रिलियन ग्यालेक्सी रहेको बतायो।

अब संसार एआईको युगमा प्रवेश गरिसक्यो, यो कसैले चाहेर पनि रोकिनेवाला छैन। त्यसैले अब पुरानो शिक्षाको काम छैन। पुराना पेसाहरू बिस्तारै विस्थापित हुन्छन्। कुनै पनि देशको सरकारले अब रोजगार दिन सक्दैन। यदि २०० किसिमका पुराना पेसा, रोजगार अथवा आजीविकाका साधन थिए भने तीमध्ये १०-१२ वटा मात्रै टिक्न सक्छन्।

त्यसैले संसारभरका सरकार हरूले शिक्षामा अविलम्ब परिवर्तन ल्याउनैपर्ने आवश्यकता छ। साथै एआई मन्त्रालय गठन गरेर छुट्टै साइबर मन्त्रालय खडा गर्नुपर्ने आवश्यकता छ। एआई जनित बेइमानी र साइबर क्राइम अब यति तीव्र हुने निश्चित छ कि आम मानिसको घरबारदेखि बैङ्क ब्यालेन्स रित्तिन ३० सेकेन्ड पनि लाग्दैन। तपाईं साइबर र एआईका विषयमा जानकार हुनुहुन्न भने इन्टरनेटबाट लिने गरेका सुविधामा विराम लगाएकै राम्रो।

एउटा अन्तिम कुरा- अब गोप्यता र निजताको कुरा बिर्सनुस्। यो डेटाको युग हो। तपाईंका तमाम डेटा सयौं ठाउँमा स्टोर गरेर राखिएका छन्। साइबर र एआईको यस विज्ञान सिर्जित संसारमा निजी केही छैन। गोप्य केही छैन। रातोपाटीबाट


तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७, ९८१३२४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
निःशुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ।
समयः बिहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म।


# गर्मीबाट बच्ने आयुर्वेदिक उपाय

**डा दिपेन देवकोटा**

वास्तवमा अहिले वसन्त ऋतुको समय हो। जलवायु परिवर्तनको प्रभावले गर्दा अनावृष्टि, अतिवृष्टि, ग्रिष्म ऋतुमा अति गर्मी र जाडोयाममा अति चिसो महसुस भैरहेको। मौसमको हिसाबले अहिले वसन्त ऋतु हो तर पनि गर्मी बढिरहेको हामीले महसुस गरेका छौं।

बिस्तारै अब हामी ऋतु सन्धिमा प्रवेश गर्दैछौं। हामीले वसन्त ऋतुचर्या लाई छोडी ग्रिष्म ऋतु चर्यालाई पालना गर्नु पर्दछ। ग्रिष्म ऋतुको समयमा कफ दोष घट्दै जान्छ र वात दोषको संचय भैरहेको हुन्छ। तर पनि सुर्यको किरणले गर्दा शरीरको तापमान बढिरहेको हुन्छ। गर्मि सुरु भएपछि शरीर मात्र हैन, मन पनि गल्न थाल्छ। पसिना, थकाइ, शरीरमा पानीको कमी, छाला सुख्खा आदि समस्या। यी सबै गर्मीले ल्याउने झमेलाहरू हुन् तर चिन्ता नगर्नुहोस्, हाम्रो परम्परागत आयुर्वेदमा यस्ता समस्याको समाधान भरपुर छ। गर्मीमा पित्त दोष बढ्ने भएकाले त्यसलाई नियन्त्रणमा राख्न घरमै पाइने चिजहरूको प्रयोग गरेर सहजै राहत पाइन्छ।

गर्मीले शरीरमा पार्ने असरहरूमा घाम चर्को लाग्छ, जसले गर्दा शरीरको ताप बढ्छ। पसिना बग्ने, पाचन गडबडी हुने, छाला सुकेको महसुस हुने, तिर्खा लागिरहने, आँखा पोल्ने, थकान हुने जस्ता समस्या देखिन्छन्। यस्तो अवस्थामा शरीरमा पानीको मात्रा सन्तुलनमा राख्नु र शरीरलाई चिसो बनाइराख्नु जरुरी हुन्छ। आयुर्वेदको नजरमा गर्मीको मौसम आयुर्वेद अनुसार एक वर्षलाई ६ ऋतुमा बाँडिन्छ। जेठ देखि असार सम्मको समयलाई ग्रीष्म ऋतु भनिन्छ। शरीरमा तातोपन हुन्छ। त्यसैले गर्मीलाई शान्त पार्ने उपाय अपनाउनु जरुरी हुन्छ।

पित्त दोष जसले शरीरमा पाचनदेखि लिएर ताप नियन्त्रणमा भूमिका खेल्छ। गर्मीमा पित्त बढ्छ। त्यसको असर पेट पोल्ने, छाला रुखो हुने, मुटु ढुकढुकी बढ्ने, निन्द्रा नलाग्ने, ग्यास्टिक समस्या आदि रूपमा देखिन्छ। यस्तोमा चिसो खानेकुरा, पानी प्रशस्त, र शीतल स्वभावको जीवनशैलीले पित्तलाई सन्तुलन मा ल्याउन सकिन्छ।

मीमा खानेकुरा के के खाने ?

स्वादिलो तर सन्तुलित खाना नै उत्तम विकल्प हो, मसालेदार, तारेको, भुटेको, गरम मसला प्रयोग गरिएका, बेसार र मरिच धेरै भएको खाना, रक्सि, चिया, कफी आदि टाढा राखौं। यसको सट्टा ज्वानो पानी, सत्तु, मौसमी फल जस्तै तरबुजा, खरबुजा, अंगुर, काक्रो, नरिवलपानी, उखुको रस, कुभिन्डोको रस, स्ट्रबेरी, मोही, गहुँ चामल, दूध, कुरिलो जस्ता खानेकुरा खानु राम्रो हुन्छ। घरको बगैंचाबाट पुदीना, सौंफ, जीरा, धनियाँ प्रयोग गरौ, यी सबै पित्त कम गर्न सहयोगी हुन्छन्। पिउने कुराहरू बेलको सरबत, नारिबल पानी, गुलाब जल, अमलाको रस, लस्सी-यी घरमै बनाउन सकिने शीतल पेय पदार्थ हुन, जसले शरीरलाई ठण्डा राख्छन्।

जीवनशैली र दैनिक दिनचर्या

बिहानै उठेर नुहाउने, सकेसम्म नीमको पात हालेर पाकेको ठण्डा पानीले नुहाउने। दिउँसो घाम चर्की हुँदा बाहिर ननिस्कने, निस्कनै परे गम्छा, टोपी, छाता, तथा सेतो तथा हलुका रंगका कपडा अनिवार्य प्रयोग गर्ने। हल्का, पातलो र कपासको कपडा लगाउने, योग र प्राणायाम गरेर शरीर र मनलाई शान्त राख्ने। समयमै खाना खाने र दैनिक ७-८ घण्टा सुत्ने बानि बसाल्ने।

घरेलु औषधि र चलन चल्तीका उपाय

गुलाब जल आँखामा र अनुहारमा छर्कँदा चिसो अनुभव हुन्छ। चन्दनको लेप अनुहार वा शरीरकको विभिन्न भागमा लगाउनाले सितल अनुभव हुन्छ। बिहान खाली पेट अमलाको रस पिउदा शरीर शुद्ध हुन्छ र ताजगी दिन्छ। छालामा एलोभेराको जेल लगाउँदा पोल्ने कम हुन्छ र छाला नरम रहन्छ। त्रिफला चूर्ण राति सुत्नुअघि खाँदा पाचन ठिक राख्छ र गमी कम गर्छ।

योग, प्राणायाम र ध्यानको भूमिका

शीतली प्राणायाम जिब्रो गोल पारेर सास तान्ने यो विधिले शरीरमा चिसोपन ल्याउँछ। भ्रामरी प्राणायाम शान्त स्वर निकाल्दै गरिने यस अभ्यासले मानसिक तनाव घटाउँछ। चन्द्रभेदी प्राणायाम शरीरमा तातोपन कम गर्ने असरदार विधि हो। शवासन शरिरलाई पूर्ण विश्राम दिने आसन हो। आयुर्वेदमा दिवास्वप्नलाई ग्रिष्म ऋतुमा वर्जित गरिएको छैन अर्थात् दिनमा पनि केहि समय सुत्न सकिन्छ। यसले शरीरको बललाइ कायम राख्न मदत गर्दछ। व्यक्तिको शक्ति उल्लेखीय रुप कम भएको हुनाले ब्यायाम आफ्नो शक्तिको आधा मात्रा गर्नु पर्दछ भन्ने उल्लेख पाइन्छ।

बच्चा, बुढाबुढी र बिरामीको हेरचाह

पर्याप्त मात्रामा पानी पिउनुहोस्। प्रत्यक व्यक्तिको शरीर फरक हुन्छ तथापी आफ्नो उमेर र आवस्यकता हेरेर कमसेकम ३-४ लिटर पानी पिउनुहोस्। पानी पिउन केही ब्यक्तिलाई गाह्रो हुन्छ भने मिश्री, कागती, मह, आदि मिसाउन सकिन्छ। बच्चाहरुलाई घाममा

बाँकी अन्तिम पेजमा...